**आकाशवाणी समाचार- नेपाली**

मितिः २१ फरवरी २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

- **प्रधानमन्त्री नरेन्द्र मोदी आज भिडियो कन्फरेन्सको माध्यमबाट उत्तर प्रदेशको यमुना एक्सप्रेसवे औद्योगिक विकास प्राधिकरणमा एचसीएल-फक्सकन संयुक्त उद्यम परियोजनाको शिलान्यास समारोहमा भाग लिनुहुनेछ।**
- **प्रधानमन्त्री नरेन्द्र मोदीले आज उत्तर प्रदेशको मेरठको भ्रमण गर्नुहुनेछ । उहाले आफ्नो यात्राको क्रममा लगभग 12 हजार 930 करोड रूपियाँ लागतको विभिन्न विकास परियोजनाहरूको उद्घाटन र लोकार्पण गर्नुहुनेछ।**
- **प्रधानमन्त्री नरेन्द्र मोदीले इंडिया एआई इम्पैक्ट समिट को क्रममा बिश्वका धैरै नेताहरूसँग द्विपक्षीय बैठक गर्नुभएको छ ।**
- **इलेक्ट्रोनिक्स तथा सूचना प्रध्यौगिकी मन्त्रालयले आज नयाँ दिल्लीको भारत मण्डपममा आयोजना हुने भारत एआई शिखर सम्मेलन २०२६ को लागि एक परामर्श जारी गरेको छ।**
- **केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जेपी नड्डाले टिटनस र डिप्थीरिया जस्ता गम्भीर रोगबाट बच्न आज टिटनस र डिप्थीरिया भेक्सिन सार्वजनिक गर्नुहुनेछ ।**

### प्रधान मन्त्री -यमुना एक्सप्रेसवे

**प्रधान मन्त्री नरेन्द्र मोदी आज भिडियो कन्फरेन्सको माध्यमबाट उत्तर प्रदेशको यमुना एक्सप्रेसवे औद्योगिक विकास प्राधिकरणमा एचसीएल-फक्सकन संयुक्त उद्यम परियोजनाको शिलान्यास समारोहमा भाग लिनुहुनेछ। यो परियोजना घरेलु उत्पादन क्षमतालाई सुदृढ गर्न, आयात निर्भरता कम गर्न र लचिलो वैश्विक आपूर्ति श्रृंखला निर्माण गर्न सरकारको प्रयाससँग जोडिएको छ। यस पहलको साथ, देशको सेमिकन्डक्टर इकोसिस्टमले नवीनता, कौशल विकास र प्रध्यौगिकी हस्तान्तरणलाई ठूलो बढावा दिनेछ। यस सुविधाले अभियन्ताहरू, प्राविधिकहरू र पेशेवरहरूलाई हजारौं प्रत्यक्ष र अप्रत्यक्ष रोजगारका अवसरहरू सिर्जना गर्ने अपेक्षा गरिएको छ, जबकि सहायक उद्योगहरूमा वृद्धिलाई उत्प्रेरित गर्दछ। एचसीएल-फक्सकन सेमिकन्डक्टर सुविधाको स्थापना तकनिकी आत्मनिर्भरताको दिशामा भारतको यात्रामा एक महत्वपूर्ण उपलब्धि हो र भारतलाई उच्च-अन्त इलेक्ट्रोनिक्स र सेमीकन्डक्टर निर्माणको लागि एक विश्वसनीय वैश्विक गन्तव्यको रूपमा स्थापित गर्ने प्रधानमन्त्रीको दृष्टिकोणलाई प्रतिबिम्बित गर्दछ।**

### प्रधानमन्त्री - उत्तर प्रदेशको मेरठ भ्रमण

**प्रधानमन्त्री नरेन्द्र मोदीले आज उत्तर प्रदेशको मेरठको भ्रमण गर्नुहुनेछ । प्रधानमन्त्री श्री मोदीले शताब्दी नगर नमो भारत स्टेशनमा मेरठ मेट्रो र नमो भारत ट्रेनलाई हरिय झंडी देखाउनुहुनेछ र मेरठ दक्षिण स्टेशनसम्म मेट्रो यात्रा गर्नुहुनेछ। श्री मोदीले आफ्नो यात्राको क्रममा लगभग 12 हजार 930 करोड रूपियाँको विभिन्न विकास परियोजनाहरूको उद्घाटन र लोकार्पण गर्नुहुनेछ। प्रधानमन्त्री श्री मोदीले सम्पूर्ण 82 किलोमिटर दिल्ली-मेरठ नमो भारत कोरिडोर पनि राष्ट्रलाई समर्पित गर्नुहुनेछ र देशको पहिलो नमो भारत क्षेत्रीय द्रुत ट्रान्जिट प्रणालीको बाँकी खण्डहरूको उद्घाटन गर्नुहुनेछ। यी परियोजनाहरूले शहरी गतिशीलतालाई रूपान्तरण गर्ने र नागरिकहरूको जीवनयापनलाई सजिलो बनाउने निर्बाध, कुशल, आधुनिक र सतत सार्वजनिक यातायात प्रणाली सुनिश्चित गर्ने प्रधानमन्त्री श्री मोदीको दृष्टिकोणलाई थप गति प्रदान गर्नेछ।**

### प्रधानमंत्री नरेंद्र मोदी - इंडिया एआई इम्पैक्ट समिट द्विपक्षीय बैठक

**प्रधानमन्त्री नरेन्द्र मोदीले इंडिया एआई इम्पैक्ट समिट को क्रममा स्लोभाकियाका राष्ट्रपति पिटर पेलेग्रिनी, श्रीलंकाका राष्ट्रपति अनुरा कुमारा दिसानायके, मौरिससका प्रधानमन्त्री डा. नवीन चन्द्र रामगुलाम, लिक्टेनस्टाइनका राजकुमार अलोइस र संयुक्त राष्ट्रका महासचिव एन्टोनियो गुटेरेस लगायत धैरै नेताहरूसँग द्विपक्षीय बैठक गर्नुभयो। स्लोभाकियाका राष्ट्रपतिसँग उहाँले व्यापार र निवेश , डिजिटल प्रध्यौगिकि , रक्षा, अन्तरिक्ष, ऊर्जा, संस्कृति र जनता-जनता सम्बन्ध लगायत विभिन्न क्षेत्रहरूमा सहयोग बढाउने तरिकाहरूबारे चर्चा गर्नुभयो । श्रीलंकाका राष्ट्रपतिसँग श्री मोदीले ऊर्जा,सम्पर्क , बुनियादी ढाचा बिकास , स्वास्थ्य सेवा, कौशल विकास, संस्कृति, समुद्री अर्थब्यवस्था र अन्य क्षेत्रहरूमा सहयोगका सम्भावनाहरूबारे चर्चा गर्नुभयो। मौरिससका प्रधानमन्त्रीसँगको भेटमा, दुई नेताहरूले आफ्नो उन्नत रणनीतिक साझेदारीलाई अझ बलियो बनाउन सँगै काम गर्ने प्रतिबद्धता दोहोऱ्याउनु भयो। संयुक्त**

राष्ट्रका महासचिवसँगको भेटमा, दुई नेताहरूले एआईको सर्वव्यापकता र यस सन्दर्भमा संयुक्त राष्ट्र संघको रचनात्मक भूमिकाको बारेमा पनि चर्चा गर्नुभयो।

**1-Byte प्रशान्त**

**इलेक्ट्रोनिक्स तथा सूचना प्रध्यौगिकी मन्त्री -एआई इम्प्याक्ट समिट**

इलेक्ट्रोनिक्स तथा सूचना प्रध्यौगिकी मन्त्री अश्विनी वैष्णवले एआई इम्प्याक्ट समिट धेरै हिसाबले सफल भएको बताउनु भएको छ। श्री वैष्णवले निवेशकर्ताहरूले बुनियादी ढाचा बिकासमा २५० अर्ब डलर र भेन्चर क्यापिटल र डीप टेकमा २० अर्ब डलरको निवेश घोषणा गरिएको बताउनु भयो। कृत्रिम बुद्धिमत्ताको क्षेत्रमा महत्वपूर्ण हिस्सा भएका सबै प्रमुख देशहरूले शिखर सम्मेलन घोषणापत्रमा हस्ताक्षर गरेका छन्। उहाँले ७० भन्दा अधिक देशहरूले घोषणापत्रमा हस्ताक्षर गरिसकेका छन् र यो संख्या ८० भन्दा अधिक हुने अपेक्षा गरिएको बताउनु भएको छ। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले पनि कार्यक्रमलाई ठूलो सफलताको रूपमा वर्णन गर्नुभएको छ ।

**2 byte अश्विनी वैष्णव**

**इलेक्ट्रोनिक्स तथा सूचना प्रध्यौगिकी मन्त्रालय- परामर्श**

इलेक्ट्रोनिक्स तथा सूचना प्रध्यौगिकी मन्त्रालयले आज नयाँ दिल्लीको भारत मण्डपममा आयोजना हुने भारत एआई शिखर सम्मेलन २०२६ को लागि एक परामर्श जारी गरेको छ। यसले नामांकन भएका प्रतिनिधिहरूको लागि संशोधित प्रवेश व्यवस्था र सुरक्षा प्रोटोकलहरूको रूपरेखा प्रस्तुत गर्दछ।परामर्श अनुसार, क्याबबाट आउने प्रतिनिधिहरूलाई गेट नम्बर ४ बाट प्रवेश गर्न अनुमति दिइनेछ, र मेट्रोबाट आउनेहरूलाई गेट नम्बर १० बाट बिहान ९:१५ बजेदेखि प्रवेश गर्न अनुमति दिइनेछ। प्रदर्शक गेटहरू बिहान ८ बजे खुल्नेछन्। मिडिया सेन्टर आज सञ्चालनमा आउने छैन। स्थल भित्र यातायातको लागि विशेष गल्फ कार्टहरू उपलब्ध हुनेछन्, र परिसर बाहिर पहुँचको लागि गेट नम्बर ४ र १० बीच शटल सेवा सञ्चालन हुनेछ।

**गृहमन्त्री अमित शाह-असम**

गृहमन्त्री अमित शाहले आसामको कछार जिल्लाको भारत-बंगलादेश सीमा क्षेत्रको नटनपुरमा जीवन्त गाउँ कार्यक्रमको दोस्रो चरणको शुरुवात गर्नुभयो। श्री शाहले भन्नुभयो , प्रधानमन्त्री नरेन्द्र मोदीले सीमा क्षेत्रको विकासको लागि धेरै कदम चाल्नु भएको छ। उहाँले अझ भन्नुभयो - यस्ता कार्यक्रमहरू देशका १७ राज्यका ३३४ ब्लक र १९५४ गाउँहरूमा आयोजना गरिनेछ, साथै आसामका १४० सीमावर्ती गाउँहरू पनि आयोजना गरिनेछ। गृहमन्त्रीले अझ भन्नुभयो- भारत-पाकिस्तान सीमामा रहेका ३३४ खण्ड र लगभग दुई हजार गाउँहरूमा विकास कार्य पनि शुरु भएको छ। गृहमन्त्री श्री शाहले अवैध अतिक्रमणलाई आसामको सबैभन्दा ठूलो समस्याको रूपमा वर्णन गर्नुभएको छ।

**3-byte अमित शाह**

यसपछि गृहमन्त्री श्री शाहले अगरतलामा पूर्वी, उत्तर-पूर्वी र उत्तरी क्षेत्रहरूको लागि संयुक्त क्षेत्रीय आधिकारिक भाषा सम्मेलनको उद्घाटन गर्नुभयो।

**केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री-भेक्सिन**

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जेपी नड्डाले टिटनस र डिप्थीरिया जस्ता गम्भीर रोगबाट बच्न आज टिटनस र डिप्थीरिया भेक्सिन सार्वजनिक गर्नुहुनेछ । यो कार्यक्रम हिमाचल प्रदेशको केन्द्रीय अनुसन्धान संस्थान, कसौलीमा आयोजना हुनेछ। टिटनस र डिप्थीरिया (टिडी) भेक्सिनले देशको सार्वजनिक स्वास्थ्य प्रणालीलाई बलियो बनाउने र भेक्सिन कार्यक्रमलाई अझ प्रभावकारी बनाउने दिशामा महत्त्वपूर्ण कदम चालेको छ। यो भेक्सिन ले टिटनस र डिप्थीरिया जस्ता गम्भीर रोगहरूबाट मानिसहरूलाई बचाउन महत्त्वपूर्ण भूमिका खेल्नेछ र राष्ट्रिय भेक्सिन प्रयासलाई नयाँ गति प्रदान गर्नेछ।

**प्रधानमन्त्री- लेखक-निधन -दुख व्यक्त**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले लेखक मणिशंकर मुखोपाध्यायको निधनप्रति दु:ख व्यक्त गर्नुभएको छ । प्रधान मन्त्री श्री मोदीले भन्नुभएको छ - मुखोपाध्याय बङ्गाली साहित्यका एक उच्च व्यक्तित्व थिए जसका शब्दहरूले संवेदनशीलता र अन्तर्दृष्टिका साथ मानिसहरूको जीवनलाई चित्रण गर्दछ।

**वाणिज्य तथा उद्योग मन्त्री**

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले आगामी २५ वर्षमा देशलाई सबैभन्दा छिटो बढ्दो अर्थब्यवस्था बनाउन निर्यातले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । नयाँ दिल्लीमा निर्यात प्रवर्द्धन मिसन कार्यक्रमको सुरुवात गर्नुहुदै , श्री गोयलले फरवरीको मध्यसम्ममा व्यापारिक निर्यात दोहोरो अंकमा पुगेको बताउनु भयो , जसले बलियो बैश्विक माग र बढ्दो उद्योग विश्वासलाई प्रतिबिम्बित गर्दछ।